# पुनरावेदन कार्यविधि

## दफा ३. पुनरावेदन दिने प्रकृया:

(१) प्राधिकरणले ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गरी गरेको आदेश वा निर्णय उपर चित्त नबुझ्ने पक्षले आफूलाई पर्न गएको मर्काको व्यहोरा खुलाई त्यस्तो निर्णय वा सोको जानकारी प्राप्त गरेको मितिले पैतीस दिन भित्र अनुसूची-१ बमोजिमको ढाँचामा पुनरावेदन समिति समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा प्राधिकरणबाट भएको निर्णयको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

(३) पुनरावेदनपत्र फूलस्केप आकारको नेपाली कागजमा पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टीमिटर छोडी र प्रत्येक पृष्ठमा बायाँ तर्फ पाँच सेन्टीमिटर किनारा छोडी एक पृष्ठमा बत्तीस पंतिमा नबढाई कागजको एक पट्‌टी मात्र पक्की कालोमसिले लेखिएको, वा टाइप गरिएको हुनुपर्छ ।

(४) पुनरावेदनदर्ता गर्न एकसय (१००) रुपैयाँ दस्तुर लाग्नेछ ।

# दफा ४. पुनरावेदनमा खुलाउनु पर्ने कुराहरु:

दफा ३ बमोजिम पेश गरिने पुनरावेदनपत्रमा देहायका कुराहरु खुलाउनु पर्दछ :-

(क) निर्णय वा आदेश गर्ने अधिकारी र कार्यालयको नाम,

(ख) निर्णय वा आदेश भएको मिति,

(ग) निर्णय वा आदेशको संक्षिप्त व्यहोरा,

(घ) पुनरावेदन गर्ने हकदैया भएको कुरा

(ङ) निर्णय वा आदेशबाट पुनरावेदकलाई चित्त नबुझेका कुराहरु

(च) हदम्याद भित्रै रहेको कुरा

(छ) संलग्न कागज प्रमाण,

(ज) अन्य आवश्यक कुरा ।